बान्नीगढी जयगढ गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ७** **संख्याः १३** **मितिः २०८१/०३/०८**

## भाग – २

## बान्नीगढी जयगढ गाउँपालिका

# विद्यालय दिवाखाजा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१

कार्यपालिकाबाट स्विकृत मितिः- २०८१/०३/०८

राजपत्रमा प्रकाशित मितिः- २०८१/०४/०९

**प्रस्तावनाः** बान्नीगढी जयगढ गाउँपालिका भित्र सञ्चालित विद्यालय दिवाखाजा कार्यक्रमलाई उद्देश्यमुलक, प्रभावकारी, व्यवस्थित र नतिजामुलक बनाई नेपाल सरकार / स्थानीय तहले तोके बमोजिमका कक्षामा अध्ययनरत बालबालिकाहरुको दिवाखाजा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्न बाञ्छनीय भएकोले,

बान्नीगढी जयगढ गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७९ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी बान्नीगढी जयगढ गाउँपालिकाको गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद — १
## प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यो कार्यविधिको नाम ' विद्यालय दिवाखाजा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधी, २०८१ लाई सम्झनु पर्छ ।

ख. यो कार्यविधि सामुदायिक विद्यालय र समुदायमा सञ्चालित बालविकास केन्द्रहरूको हकमा मात्र लागु हुनेछ ।

ग. यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

**२. परिभाषाः**

क. " दिवाखाजा " भन्नाले विद्यालय र बालविकास केन्द्रमा अध्ययनरत विद्यार्थीहरूका लागि व्यवस्था गरिएको दिवाखाजा कार्यक्रम सम्झनु पर्दछ ।

ख. "प्रधानाध्यापक" भन्नाले सामुदायिक विद्यालयको प्रधानाध्यापक वा प्रधानाध्यापकको जिम्मेवारी पाएको शिक्षकलाई सम्झनु पर्दछ ।

ग. "बालविकास सहजकर्ता" भन्नाले प्रारम्भिक कक्षामा अध्यापन गर्ने व्यक्तिलाई सम्झनु पर्दछ ।

घ. "दिवाखाजा व्यवस्थापन समिति" भन्नाले विद्यालय दिवाखाजा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१ को दफा १६ र २१ बमोजिम दिवाखाजा व्यवस्थापन गर्न गठन गरिएको समिति सम्झनु पर्दछ ।

ङ. "बालविकास केन्द्र" भन्नाले समुदायमा सञ्चालित बालविकास केन्द्रलाई सम्झनु पर्दछ ।

## परिच्छेद — २
## कार्यक्रमको उद्देश्य र लक्षित समुह

**३. कार्यक्रमका उद्देश्यहरुः**

यस कार्यक्रमा उद्देश्यहरु देहाय बमोजिम रहेका छन्ः-

क. विद्यार्थीहरुको दैनिक उपस्थितिदर वृद्धि गर्नु ।

ख. बालबालिकाको पोषण अवस्था सुधार गरी सिकाइ उपलब्धिमा सुधार गर्नु ।

ग. कक्षा छोड्ने र विद्यालय छोड्ने दरमा कमि ल्याउनु ।

घ. स्थानीय उत्पादनमा आधारित विद्यालय दिवाखाजा प्रवर्द्धन गर्नु ।

ङ. विद्यालय उमेर समुहका सबै विद्यार्थीहरुको पहुँचमा वृद्धि गर्नु ।

च. नेपाल सरकार र स्थानीय तहबाट सामुदायिक विद्यालयहरुलाई लक्षित गरी सञ्चालन गरिएको विद्यालय दिवाखाजा कार्यक्रमको व्यवस्थापन तथा कार्यान्वयनमा सहयोग गर्नु ।
छ. स्थानीय अर्थतन्त्रमा टेवा पुर्याउनु ।

**४. लक्षित समुहः**
क. संघीय सरकार तथा स्थानीय सरकारले तोकेको कक्षामा अध्ययनरत सामुदायिक विद्यालय र बालविकास केन्द्रमा अध्ययनरत सबै विद्यार्थीहरु यस कार्यक्रमका लक्षित समुह हुनेछन ।
ख. स्थानीय स्तरमा गठन गरिएका कृषक समुह, सहकारी तथा किसानहरु पनि यस कार्यक्रमका लक्षित समुह मानिनेछन ।

## परिच्छेद — ३
## दिवाखाजाको पोषण मापदण्ड र मेनु सम्बन्धी व्यवस्था

**५. दिवाखाजा पोषण मापदण्डः**
विद्यार्थीहरु शारीरिक र मानसिक रुपमा स्वस्थ बन्न दिवाखाजामा हुनुपर्ने सुक्ष्म पोषण तत्व (micronutrient) र वृहत पोषक तत्व (macronutrient) आपुर्तीका लागि नेपाल सरकारले निर्धारण गरेको राष्ट्रिय मापदण्ड बमोजिमको हुनुपर्दछ ।

**६. दिवाखाजाको पोषणस्तरको मापदण्डः**
विश्व स्वास्थ्य संगठनले ४ वर्ष देखि १२ वर्ष उमेर समुहका बालबालिकाहरुको उपभोग्य खाजामा उपलब्ध हुनु पर्ने वृहत पोषक तत्व (क्यलोरी, प्रोटिन, फ्याट, आदि) शुक्ष्म पोषक तत्व (आयोडिन, आइरन, जिङ्क, भिटामिन ए आदी) मध्ये दिवाखाजाबाट आपुर्ती हुनु पर्ने उल्लेखित पोषक तत्वको मात्रा नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले तयार गरेको मापदण्डलाई आधार मानी दिवाखाजा लाभान्वित बालबालिकाहरुका लागि दैनिक रूपमा बृहत तथा सुक्ष्म पोषक तत्वको मात्रा कम्तीमा ३०% दिवाखाजाबाट प्राप्त हुनुपर्दछ । यसरी दिवाखाजा आपूर्ति तथा वितरण गर्दा स्थानीय स्तरमा उपलब्ध हुने खाद्य पदार्थबाट विद्यालय दिवाखाजा व्यवस्थापन समितिले विद्यार्थीहरूलाई देहायका समुहका खाद्य सामाग्रीबाट तयार गरिएको मेनुको आधारमा खुवाउनु पर्नेछः-
(क) कार्बोहाइड्रेट समुह (शक्ति दिने) जस्तैः— चामल, गहुँ, मकै, कोदो, फापर, जौ, आलु, तरुल, सखरखण्ड आदि ।
(ख) प्रोटिन समुह (शारीरिक विकास गर्ने) जस्तैः— भटमास, सिमी, केराउ, चना, गेडागुडी, माछा, मासु, अण्डा आदि ।


(ग) मिनरल समुह (शक्ति दिने, प्रतिरक्षात्मक) जस्तैः— हरिया सागपात र अन्य हरिया तरकारीहरू ।

(घ) भिटामिन मिनरल्स (शरीरका अङ्गहरूको सन्तुलित विकास र कार्य क्षमता बृद्धि गर्ने) जस्तैः— स्याउ, सुन्तला, जुनार, नासपती, मेवा, केरा आदि ।

(ङ) चिल्लो पदार्थ समुह, जस्तैः— घ्यू, तेल, नौनी, दूध, दही आदि । तर दुध, दही मात्र खुवाउँदा चिल्लो पदार्थको मात्रा पुग्ने गरी उपलब्ध गराउनु पर्नेछ ।

दैनिक दिवाखाजाबाट आपुर्ती हुनुपर्ने वृहत र सुक्ष्म पोषक तत्वको राष्ट्रिय मापदण्ड अनुसारको मात्रा र परिमाण तपसिल बमोजिम रहनेछः-

| क्र.सं. | आवश्यक पोषण तह प्रति वच्चा प्रति दिन (Nutrition categories required per child per day) | उमेर समूहतथा तह ४देखी १२ वर्ष (०–५) (Age Group/Grade) | दैनिक सिफारीस आवश्यकता (RDA per day) | दिवा खाजा वाट ३०% प्रतिशत प्रस्तावित पोषण लक्ष्य (Targeted of school meal 30%) |
|---|---|---|---|---|
| १ | क्यालोरी (किलो क्यालोरी) calories (KCL/day) | ४–१२ | १८५० | ५५५ |
| २ | प्रोटिन (ग्राम) Protein (gm/day) | ४–१२ | २९.५ | ८.८५ |
| ३ | फ्याट (ग्राम) Fat (gm/day) | ४–१२ | ३० | ९ |
| ४ | आयोडिन (माईक्रो ग्राम) Iodine (µg/day) | ४–१२ | १२० | ३६ |
| ५ | आईरन (मिली ग्राम) Iron (mg/day) | ४–१२ | १७.८ | ५.४ |
| ६ | जिङ्क (मिली ग्राम) (zinc mg/day) | ४–१२ | ११.२ | ३.३६ |
| ७ | भिटामिन ए (माईको ग्राम) (Vitamin A µg) | ४–१२ | ५०० | १५० |




दैनिक रुपमा आवश्यक मात्रा र परिमाण

## ७. दिवाखाजाका लागि मेनुः

१. दफा ६ बमोजिम तोकिएको खाद्यवस्तुबाट पोषण मापदण्ड र खाद्य सामाग्रीहरुको मात्राको आधारमा प्रत्येक दिनको दिवाखाजा मेनु तयार गर्नुपर्नेछ ।

२. आवश्यकता अनुसार वा वर्षको एक पटक मेनु निर्माण तथा पुनरावलोकन गर्न सकिनेछ । मेनु निर्माण तथा पुनरावलोकन गर्दा देहायको प्रक्रिया अवलम्बन गर्नु पर्नेछ ।

क. दिवाखाजाको मेनु निर्माण तथा पुनरावलोकनका लागि गाउँपालिका स्तरीय दिवाखाजा व्यवस्थापन समिति, जनप्रतिनिधि, सहकारी, कृषक समुहहरु, संघसंस्थाहरू, कृषक, पोषण सहजकर्ता, स्वास्थ्य विज्ञको परामर्श, शिक्षक, वि.व्य.स. तथा सरोकारवाला अन्य प्रतिनिधिहरुसँगको छलफलका आधारमा गर्नुपर्नेछ ।

ख. दिवाखाजाको मेनु पूर्ण रुपले यस गाउँपालिका भित्र उत्पादन हुने खाद्यन्नमा आधारित हुने वा स्थानीय उत्पादनलाई प्रोत्साहन गर्ने तरिकाको हुनुपर्दछ ।

ग. मेनु तयार गर्दा स्थानीय कृषि उपजलाई ध्यान दिएर कम्तीमा ३ वटा मेनुको सेट निर्माण गर्न सकिनेछ ।

घ. कृषि उपजमा आधारित स्थानीय स्तरमा उत्पादित खाद्यान्नको प्रयोग गर्ने गरी विद्यालयले तोकिएको पोषक तत्व र मात्रामा कमी नहुने गरी आफैंले थप मेनु निर्माण तथा पुनरावलोकन गरी कार्यान्वयन गर्न सकिनेछ ।

ङ. कुनै पनि अवस्थामा दिवाखाजाको रुपमा पूर्व प्रशोधित खाजा (Processed packed food) तथा पत्रु खाना (Junk food) प्रयोग गर्न पाइने छैन ।

## परिच्छेद — ४

## दिवाखाजा तयारीका लागि पुर्वाधारको व्यवस्थापन

### ८. चुलो र ईन्धनको व्यवस्थापनः

विद्यालय तथा वालविकास केन्द्रहरुले दिवाखाजा तयार गर्न चुलो र ईन्धनको व्यवस्थापन आफैंले गर्नुपर्ने छ । विद्यालयहरुले गाउँपालिका तथा संघीय सरकारले तोकेको रकम खाद्य सामाग्रीहरूको लागि खर्च गरी बाकीं रहेको रकमबाट चुलो र ईन्धनको व्यवस्थापन गर्न सकिनेछ । चुलो र इन्धनको व्यवस्थापन गर्दा रकम अपुग भएमा स्थानीय तह, प्रदेश सरकार, अभिभावक वा अन्य दाताहरुसँग सहयोग जुटाउन सकिनेछ । यदि विद्यालयले एल. पी. जी. ग्याँस चुलो प्रयोग नगरी दाउरा चुलो प्रयोग गरेको खण्डमा “सामुदायिक विद्यालयमा दिवाखाजा मापदण्ड तथा सहजीकरण पुस्तिका, २०७७” मा तोकिए अनुसारको धुँवा रहित वातावरण मैत्री चुलो प्रयोग गरी दिवाखाजा कार्यक्रमलाई थप व्यवस्थित गर्न गाउँपालिकाले विद्यालयहरुमा आधुनिक चुलो निर्माणको लागी वैकल्पिक ऊर्जा प्रबर्धन केन्द्र वा अन्य संस्थासँग सहकार्य गरी आवश्यक सहयोगका लागि पहल गर्नुपर्नेछ ।

### ९. स्वच्छता, सरसफाइ र भण्डारण

दिवाखाजा भण्डारण गर्ने स्थान न्यानो, सुर्यको किरण पर्ने र खाद्य सामाग्री भण्डारण गर्दा तल काठ तथा न्यानो हुने सामान विछ्याइएको हुनु पर्नेछ । पानी सफा भाडामा तथा उपलब्ध भए सम्म फिल्टरमा भण्डारण भएको हुनु पर्नेछ । विद्यालयको वातावरण सफा, खाजा पकाउने कोठा सकेसम्म सिमेन्टेड र नभएको अवस्थामा लिपेर सफा गर्नु पर्नेछ र दिवाखाजा पकाउने व्यक्तिको हुनेछ । दिवाखाजा खाने भाँडाहरु स्थानीयस्तरमा उपलब्ध हुने भाँडाहरु प्रयोग गर्न सकिनेछ तथापी अभिभावकहरुले आफ्ना बालबालिकाहरुका

लागि एक एक वटा प्लेट तथा टिफिन (स्टिल) को व्यवस्था गर्न सक्नेछन् । खाजा खानका लागि विद्यालयले पनि खाजा प्लेटको व्यवस्था गर्न सक्नेछ । खाद्यान्न भण्डारण र नापजाचँका सामाग्री विद्यालय स्वयम् तथा स्थानीय तहबाट व्यवस्थापन गरिनेछ ।

## परिच्छेद — ५

## दिवाखाजाको खरिद तथा तयारी र रकम निकासा सम्बन्धी व्यवस्था

### १०. दिवाखाजाका लागि खाद्य सामाग्री खरिदः

दिवाखाजाका लागि चाहिने खाद्य सामाग्री खरिद तथा तयारी व्यवस्थापन गर्दा देहाय बमोजिमको मोडेल अवलम्बन गर्नुपर्नेछः-

क. विद्यालय केन्द्रित खरिद व्यवस्थापन मोडेलः अनुसुची १ बमोजिमको मेनुलाई आधार मानी विद्यालयले प्रचलित खरिद प्रक्रियाको मापदण्ड अपनाई, गाउँपालिकाले निर्धारण गरेको मेनु मूल्यमा नबढने गरी आफैंले खाद्य सामाग्री खरिद गर्नुपर्ने हुन्छ । खरिद प्रक्रिया जुनसुकै विधीबाट गरे तापनि खाजा तयारी र खाजा खुवाउने मुख्य जिम्मेवार निकाय विद्यालय नै हुनेछ ।

ख. तेस्रो पक्षद्धारा खरिद व्यवस्थापन मोडेलः अनुसुची १ बमोजिमको मेनुलाई आधार मानी खाद्य सामाग्रीको आपुर्ती तेस्रो पक्षले गर्दछ । तेस्रो पक्ष स्थानीय सहकारी, कृषक समुह वा अन्य इच्छुक पक्ष हुन सक्छ । यस प्रक्रियाका लागि सम्झौता फाराम अनुसुची २ बमोजिमको हुनेछ ।

### ११. आपुर्तीकर्ता व्यवस्थापन र स्वच्छताः

क. विद्यालय तथा बालविकास केन्द्रहरुले दिवाखाजाका लागि आवश्यक पर्ने खाद्यान्न सामाग्रीहरु (चामल, दाल, फलफुल, सागपात र पशुजन्य उत्पादनहरु) गाउँपालिकाले आपुर्तीका लागि छनौट गरेका सहकारी, कृषक समुह वा किसानबाट खरिद गरी दिवाखाजा तयारी गर्नुपर्नेछ ।

ख. आपूर्तिकर्ता जो सुकै भएपनि दिवाखाजाका लागी चाहिने सम्पुर्ण खाद्य सामाग्रीहरु स्थानीय स्तरमा उत्पादन भएको हुनुपर्छ, तर स्थानीय उत्पादनका खाद्यवस्तु प्राप्त नभएमा मात्र बाहिरबाट खरिद गर्न सकिने छ । तोकिएको सम्झौता अवधिमा आपुर्तीकर्ताले कम गुणस्तर वा कम मुल्य बराबरको सामान आपुर्ती गरेमा गाउँपालिकासंग विद्यालयले संमन्वय गरी आपुर्तीकर्तासँग खरिद सम्झौता रद्द गर्न सक्नेछ ।

ग. खाद्यन्न सामाग्री आपुर्ती गर्दा आपुर्तीकर्ताले तोकिएको गुणस्तरको मापदण्ड कायम हुने गरी सम्बन्धित ठाउँ (विद्यालय/बालविकास केन्द्र) मा पुर्याउनुपर्नेछ । खाद्यान्नको अभिलेखिकरण अनुसूची ३ बमोजिमको ढाचाँमा राख्ने ।

### १२. दिवाखाजा तयारीका क्रममा अपनाइने खाद्य सुरक्षा तथा स्वच्छता सम्बन्धी नियमहरु

क. भान्सा र प्रयोग गरिएका सामाग्री नियमित सरसफाई गर्ने, खाना छुदा र बालबालिकाहरुलाई वितरण गर्ने बेलामा सफा हुने गरी हात धुने ।

ख. सुरक्षित पानी र खाद्यवस्तु मात्र प्रयोग गर्ने, नपकाई खाने खानालाई सफा पानीले धुने, उपभोग्य मिति नाघिसकेको खाद्य सामाग्री वा खानेकुराहरु प्रयोग नगर्ने ।

ग. खाद्य वस्तु तयार गर्दा खानेकुरालाई राम्ररी पकाउने र खाना तयार भएपछि जतिसक्दो चाडो वितरण गर्ने ।

**१३. खाजा तयारी तथा वितरण सम्बन्धी व्यवस्थाः**

गाउँपालिका अन्तर्गतका विद्यालय र बालविकास केन्द्रहरुले दिवाखाजा तयारिको लागि तोकिएका विधिहरु मध्ये जुन उचित देखिन्छ सोही अनुसार दिवाखाजा तयारी र व्यवस्थापन गर्न सकिनेछ । जुन अनुसार निम्न बमोजिमका उपायहरु अबलम्बन गर्न सकिनेछ ।

क. विद्यालयमा कार्यरत सहयोगी कर्मचारी (परिचर) मार्फत

ख. छुट्टै भान्से कर्मचारीको व्यव्स्था गरी

ग. विद्यालय दिवाखाजा ब्यवस्थापन समितिले स्वयमसेवक भान्से (समितिका सदस्य/अभिभावक/आमा समुह) को आलोपालो मार्फत

घ. विद्यार्थी संख्या न्यून भई दुई वा दुईभन्दा बढी बालविकास सहजकर्ता एउटै विद्यालयमा कार्यरत भएमा विद्यालय व्यवस्थापन समिति वा प्र.अ. को निर्णयानुसार बालविकास सहजकर्ता मार्फत

दिवाखाजा वितरण गर्नु पूर्व फोकल शिक्षकले तयार भएको दिवाखाजा खाएर परीक्षण गरेपछि मात्र वितरण गर्नु पर्नेछ । तयार भएको दिवाखाजा वितरण शिक्षकहरुको उपस्थिती तथा सहयोगमा सबैभन्दा सानो कक्षा देखि शुरु गरी क्रमशः माथिल्लो कक्षाका विद्यार्थीहरुलाई मात्र वितरण गर्नुपर्नेछ यसरी दिवाखाजा वितरण गर्दा जातिय, धार्मिक, साँस्कृतिक र लैङ्गिक भेदभाव गर्न पाइने छैन ।

**१४. दिवाखाजाको सामाजिक परीक्षण र लेखा परीक्षण**

विद्यालय र बालविकास केन्द्रहरुले प्राप्त रकमको सामाजिक परीक्षण गर्नुपर्नेछ । सम्पुर्ण विद्यालय र बालविकास केन्द्रहरुले स्थानीय तहबाट प्राप्त रकमको ४/४ महिनामा सामाजिक परीक्षण वि.व्य.स. बाट सम्पन्न गरी दिवाखाजाको रकम माग गर्नुपर्नेछ अन्यथा शिक्षा युवा तथा खेलकुद शाखा रकम निकासा गर्न बाध्य हुने छैन ।

**१५. दिवाखाजाको रकम निकासाः**

संघीय सरकार तथा गाउँपालिकाबाट त्रैमासिक/मासिक रुपमा विद्यार्थीको हाजिरी, विद्यालय र बालविकास केन्द्रको माग पत्र, अनुसूची ४ बमोजिमको विद्यार्थी हाजिरी प्रमाणित फाराम र अघिल्लो त्रैमासिकको प्रगति विवरण सहित अनुदान निकासा फाराम भरी गाउँपालिकाको शिक्षा शाखामा पेश गर्नु पर्नेछ । पहिलो पटकको निकासाका लागि प्रगती विवरण आवश्यक पर्ने छैन ।

## परिच्छेद — ६
## दिवाखाजाको कार्यान्वयन प्रक्रिया तथा संस्थागत संरचना

**१६. गाउँपालिका स्तरीय दिवाखाजा कार्यक्रम कार्यान्वयन सयन्त्रः**

यस गाउँपालिका भित्रका सामुदायिक विद्यालय र बालविकास केन्द्रमा दिवाखाजा व्यवस्थापनमा सहजिकरण गर्नका लागि देहाय बमोजिमको गाउँपालिका स्तरीय विद्यालय दिवाखाजा व्यवस्थापन समिति गठन गरिनेछ ।

क) गाउँपालिकाका उपाध्यक्ष — अध्यक्ष

ख) सामाजिक विकास समितिका संयोजक — सदस्य

ग) गाउँपालिकाका अध्यक्षले तोकेको स्थानीय तहको महिला वडा अध्यक्ष वा महिला वडा अध्यक्ष नभएमा वडा सदस्य मध्येबाट एक जना — सदस्य

घ) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

ङ) विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मध्येबाट गाउँपालिका अध्यक्षले तोकेको एक जना — सदस्य

च) आधारभूत तहका शिक्षकहरु मध्येबाट समितिका अध्यक्षले मनोनित गरेको एक जना — सदस्य

छ) सामुदायिक विद्यालयमा कार्यरत महिला शिक्षक मध्ये समितिका अध्यक्षले मनोनित गरेको एक जना — सदस्य

ज) स्वास्थ्य, कृषि विकास र महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा हेर्ने शाखा प्रमुख — सदस्य

झ) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख — सदस्य - सचिव

साथै यस कार्यक्रम कार्यान्वयनमा सहयोग गर्न सक्ने गाउँपालिका भित्र कार्यरत रहेका सरकारी तथा गैर सरकारी निकाय तथा संस्थाहरुका पदाधिकारी समेत बैठकमा आमन्त्रित गर्न सकिने छ । मनोनित सदस्यको पदाबधि २ वर्षको हुनेछ ।

**१७. गाउँपालिका स्तरीय दिवाखाजा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारः**

गाउँपालिका स्तरीय दिवाखाजा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम रहेका छनः-

क. सम्बन्धित निकाय लगायत प्रधानाध्यापक, वि.व्य.स., सहकारी, कृषक समुह, आमा समुह, दिवाखाजा व्यवस्थापन समितिका प्रतिनिधिहरुको समन्वयमा तोकिएको मापदण्ड अनुसारको दिवाखाजा मेनु निर्माण गरी कार्यान्वयन गर्ने गराउने ।

ख. दिवाखाजा संचालनको लागि वार्षिक कार्ययोजना तथा वार्षिक बजेट बनाई लागु गर्ने गराउने ।

ग. दिवाखाजा संचालनको लागि चाहिने मानव स्रोत तथा कर्मचारी आवश्यकता पहिचान गरी सोको व्यवस्थापनको लागि गाउँपालिकासँग पहल गर्ने ।

घ. दिवाखाजाको कार्यान्वयन तोकिएको मापदण्ड अनुसार भए नभएको अनुगमन गरी आवश्यक सल्लाह, सुझाव दिने र अनुगमनको समयमा देखिएका र प्राप्त गुनासोको समाधान गर्न गाउँपालिकासँग समन्वय गर्ने ।

ङ. दिवाखाजा संचालनको लागि चाहिने थप नीति, नियम, योजना, तथा कार्यक्रमहरुको मस्यौदा तयार गरी स्वीकृतिको लागि गाउँकार्यपालिकामा पेश गर्ने ।

च. विद्यालयहरुलाई दिवाखाजा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्न प्रेरित गराउने ।

छ. विद्यालयहरुलाई स्थानीय स्तरमा उपलब्ध हुने खाद्य सामाग्रीहरुको प्रयोग गरी खाजा तयार गर्न लगाउने ।

ज. स्थानीय निकाय तथा गैर सरकारी संघ संस्थाहरु विच समन्वय गरी दिवाखाजा कार्यक्रम कार्यान्वयनमा सहयोग पुर्याउने वातावरण सिर्जना गर्ने ।

झ. कार्यक्रम सम्बन्धि स्थानीय तह, कृषक तथा सहकारी मार्फत सुझाव संकलन तथा सम्बोधन गर्ने ।

**१८ . वडा कार्यालयः**

वडा कार्यालयले विद्यालय दिवाखाजा कार्यक्रम कार्यन्वयनमा देहायको कार्यहरु गर्नुपर्नेछः-

क. विद्यालयहरुलाई चाहिने आवश्यक पुर्वाधारको लागि स्रोतको पहिचान र परिचालन गर्ने ।

ख. विद्यालय र गाउँपालिकाको विचमा पुलको काम गरी विभिन्न निकायहरु बीच समन्वय गर्ने ।

ग. तोकिएको मापदण्ड अनुसारको कार्य भएको नभएको अनुगमन गरी सुधारका प्रयास गर्ने गराउने ।

घ. आफ्ना मातहतका विद्यालयहरुलाई दिवाखाजाको लागि चौमासिक रुपमा सामाजिक परीक्षण गराउन सहयोग गर्ने ।

**१९. स्थानीय तह शिक्षा शाखाः**

गाउँपालिकाको शिक्षा शाखाले दिवाखाजा कार्यक्रम संचालन र कार्यान्वयनमा देहायका कार्यहरु गर्नुपर्नेछः-

क. विद्यालहरुलाई तोकिएको मापदण्ड तथा नियम अनुसार त्रैमासिक रुपमा निकासा दिने ।

ख. विद्यालहरुले पेश गरेको प्रगति प्रतिवेदनहरुलाई एकिकृत गरी गाउँपालिका स्तरीय प्रतिवेदन तयार गर्ने ।

ग. मासिक प्रधानाध्यापक वैठकमा आवश्यकता अनुसार दिवाखाजा विषयसँग सम्बन्धित विषयवस्तु माथि छलफल गर्ने ।

घ. दिवाखाजा संचालन तथा व्यवस्थापनमा कार्यरत कर्मचारी तथा अन्य सरोकारवालाहरुको (भान्से, वि.व्य.स. र शिक्षकहरुको) क्षमता विकासका लागि तालिम सञ्चालन गर्ने ।

ङ. आवश्यकता अनुसार दिवाखाजा व्यवस्थापन समितिको बैठक बसाल्ने ।

च. कृषि उपजमा आधारित विद्यालय दिवाखाजा कार्यक्रम कार्यान्वयनका लागि गाउँपालिकाको कृषि शाखाको सहयोगमा कृषि सहकारी, सहकारी वा किसान समुहहरुलाई आवश्यक प्राविधिक तथा अन्य सहयोगहरु उपलब्ध गराउन पहल गर्ने ।

छ. विद्यालयहरुको अनुगमन गरी अनुगमनमा देखिएका विषयवस्तुलाई गाउँ शिक्षा समिति र गाउँपालिका स्तरीय दिवाखाजा व्यवस्थापन समितिमा छलफल गरी समस्याहरुको समाधानका लागि पहल गर्ने ।

ज. विद्यालयलाई दिवाखाजा माग तथा अभिलेख गर्न सहजीकरण गर्ने ।

**२०. गाउँपालिकाको शिक्षा शाखा र कृषि शाखा तथा साझेदार संस्थाले गर्नुपर्ने कार्यहरुः**

दिवाखाजा संचालन, व्यवस्थापन र कार्यान्वयनको लागि शिक्षा शाखा, कृषि शाखा र साझेदार संस्थाहरुले देहाय वमोजिमका कार्य गर्नुपर्नेछः-

१. सहकारी छनौटका लागि सुचना प्रकाशन र छनौट गर्ने ।

२. सहकारी छनौटका लागि छनौट आधार तयार गरी सबैलाई सम्प्रेषण गर्ने ।

३. विद्यालय मेनु अनुसार दिवाखाजा तयार गर्न तालिम प्रदान गर्ने ।

४. कृषक समुह गठन, अगुवा कृषक छनौट र क्षमता अभिवृद्धि गर्ने ।

५. अगुवा कृषक तथा कृषक समुहलाई कृषि प्रविधि बारे तालिम तथा अभिमुखिकरण गर्ने ।

६. दिवाखाजा व्यवस्थापन उप समिति गठन र तालिम गर्ने ।

७. विद्यालयलाई मेनु अनुसार दिवाखाजा निर्माण गर्न तालिम तथा अभिमुखिकरण कार्यक्रम आयोजना गर्ने ।

८. विद्यालय, सहकारी र कृषक वीच सम्झौता गर्न सहजीकरण गर्ने ।

९. कृषकहरुलाई सहकारीद्धारा वित्तिय शिक्षा प्रदान गर्ने ।

१०. दिवाखाजाको लागि चाहिने आवश्यक पुर्वाधारहरुको विकास गर्न गैर सरकारी संघ संस्था, नीजि क्षेत्र, दातृ निकायहरुसँग सहयोगको लागि आवश्यक सहकार्य गर्ने ।

११. आफ्नो मातहतका सम्पुर्ण निकाय तथा विद्यलायहरुलाई आवश्यक निर्देशन दिने ।

**२१. विद्यालय दिवाखाजा ब्यवस्थापन समितिः**

विद्यालयले दिवाखाजा व्यवस्थापन तथा रेखदेखका लागि देहाय बमोजिमको विद्यालय दिवाखाजा ब्यवस्थापन समिति गठन गर्नु पर्नेछ ।

क) विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा निजले तोकेको समितिका सदस्य मध्ये - अध्यक्ष

(ख) शिक्षक अभिभावक संघले मनोनित गरेका अभिभावकहरू मध्येबाट १ जना महिला अभिभावक सहित २ जना - सदस्य

(ग) स्थानीय स्तरमा वन उपभोक्ता समुह र स्थानीय गैरसरकारी संस्थाहरु भए ती निकायहरु बाट १ जना प्रतिनिधि - सदस्य

(घ) सम्बन्धित वडाको वडा सदस्य (शिक्षा हेर्ने) १ जना - सदस्य

(ङ) विद्यालयका प्रधानाध्यापक - सदस्य

(च) दिवाखाजा फोकल व्यक्ति - सदस्य—सचिव

साथै यस कार्यक्रम कार्यान्वयनमा सहयोग गर्न सक्ने विद्यालय सेवाक्षेत्र भित्र कार्यरत रहेका सरकारी तथा गैर सरकारी निकाय तथा संस्थाहरुका पदाधिकारी समेत बैठकमा आमन्त्रित गर्न सकिने छ । मनोनित सदस्यको पदाबधि २ वर्षको हुनेछ ।

## २२. विद्यालय व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारः

विद्यालय दिवाखाजा व्यवस्थापन समितिले निम्न कार्यहरु गर्नुपर्नेछः-

क. गाउँपालिकाले दिवाखाजाको लागि तोकेको न्यूनतम मापदण्ड र आवश्यक पुर्वाधारहरुको व्यवस्थापन गर्नुपर्नेछ ।

ख. न्यूनतम मापदण्ड र आवश्यक पुर्वाधारहरुको व्यवस्थापनको लागि चाहिने आर्थिक तथा जिन्सि श्रोत व्यवस्थापनको लागि वडा कार्यालय, गाउँपालिका लगायत अन्य निकाय र दातासँग सहकार्य गर्नुपर्नेछ ।

ग. विद्यालयले दिवाखाजाको लागि तोकेको मेनु र अन्य पोषण मापदण्डलाई चाहिने खाद्य सामाग्रीहरुको लागि अनुसुची (१) अनुसारको खरिद योजना तयार गर्नुपर्नेछ ।

घ. खरिद योजना अनुसार गाउँपालिकाले पहिचान गरेको कृषि सहकारी, अन्य सहकारी वा किसान समुहसँग आवश्यक परिमाण सहितको खाद्य सामाग्रीहरुको खरिद तथा आपुर्तीको लागि अनुसुचि (२) अनुसारको ढाँचामा सम्झौता गर्नुपर्नेछ ।

ङ. दिवाखाजाको तयारी तथा व्यवस्थापनका लागि जनशक्ति व्यवस्थापन गर्नुपर्नेछ ।

## २३. विद्यालयका प्रधानाध्यापकको काम, कर्तव्य र जिम्मेबारी

क) विद्यार्थीहरूलाई दैनिक खाजा खुवाउने समय तालिका निर्धारण गरी दिवाखाजा खुवाउन तोकिएको व्यक्तिलाई उपलब्ध गराउनु पर्नेछ ।

ख) विद्यार्थीहरुको दैनिक उपस्थितिका आधारमा दिवाखाजा पकाउन भान्सेसँग समन्वय गर्नुपर्नेछ ।

ग) दिवाखाजाका सामानको उचित भण्डार, पकाउने ठाउँको सरसफाईको बारेमा जाचँबुझ गर्नुपर्नेछ ।

घ) दिवाखाजा व्यवस्थापन समितिबाट आम्दानी खर्चको हिसाव लिई चौमासिक र वार्षिक प्रगति नियमित रूपमा विद्यालय व्यवस्थापन समितिबाट पारित गरी गाउँपालिकाको शिक्षा शाखामा पेश गर्नुपर्नेछ ।

ङ) दिवाखाजा सम्बन्धमा गाउँपालिका तथा गाउँपालिकाबाट प्राप्त निर्देशन कार्यान्वयन गर्नुपर्नेछ ।

च) विद्यार्थीको भर्ना, नियमितता, सिकाई अवस्था, स्वास्थ्य र पोषण तथा सरसफाई बारे अभिभावकलाई जानकारी गराउनुपर्नेछ ।

छ) विद्यार्थीहरुको दैनिक हाजिरी तोकिएको ढाचाँमा राख्न लगाउनुपर्नेछ ।

ज) दिवाखाजा कार्यक्रमको संक्षिप्त सूचनामूलक चार्ट तयार गरी विद्यालय प्रशासनमा सबैले देख्ने ठाउँमा राख्ने व्यवस्था मिलाउने ।

झ) आय व्ययको स्रेस्ता दुरुस्त राख्ने व्यवस्था मिलाउने ।

ञ) विद्यालय दिवाखाजा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८१ तथा शिक्षा नियमावलीले तोकेका अन्य कार्य गर्ने ।

ट) विद्यालयमा दिवाखाजा ब्यवस्थापनको लागि समन्वय सम्पर्क (फोकल) शिक्षकको व्यवस्था गर्ने ।

ठ) दिवाखाजा संचालनको लागि तोकिएको मापदण्ड अनुसारको रकम वा अन्य श्रोतहरुको निकासाको लागि आवश्यक कागजात तथा प्रक्रिया पुरा गरि गाउँपालिकाको शिक्षा शाखामा पेश गर्नु गर्नुपर्नेछ ।

ड) खाद्य सामाग्री आपुर्तीकर्तालाई तोकिएको समयमा रकम उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद — ७

## दिवाखाजाको लागि चाहिने आवश्यक स्रोतको लागि लागत साझेदारी

क. विद्यालयम दिवाखाजा व्यवस्थापनका लागि नेपाल सरकार, प्रदेश सरकार सहित स्थानीय तह र सहयोगी संस्था र अभिभावक बीच सहकार्य र साझेदारी गरिनेछ ।

ख. दिवाखाजा व्यवस्थापनका लागि स्थानीय सहकारी, आमा समुह, क्याटरिङ संचालक, कृषक समुहसंग आवश्यक वित्तीय, व्यवस्थापकीय तथा लागत साझेदारी गर्न सकिनेछ ।

## परिच्छेद — ८

## दिवाखाजा कार्यक्रममा लगानीमा साझेदारी

यस कार्यक्रमका लागि स्रोतको आवश्यक पर्ने भएकाले नेपाल सरकारबाट प्राप्त अनुदानबाट विद्यालयमा दिवाखाजा कार्यक्रम निम्न बमोजिम मुल्यमा सहभागी गराउन सकिनेः-

क) विद्यालय तथा स्थानीय तहले आफ्नो क्षेत्र तथा गाउँपालिका भित्रका बालबालिकाहरुलाई खाजामा लगानी कम भएको अवस्थामा गाउँपालिकासंग समन्वय गरी अनुदान प्राप्त गर्न सक्नेछ ।

ख) विद्यालयले आफ्नो क्षेत्र तथा गाउँपालिका भित्रका बालबालिकाहरुलाई खाजामा लगानी कम भएको अवस्थामा प्रदेश सरकारसंग समन्वय गरी अनुदान प्राप्त गर्न सकिनेछ ।

ग) विद्यालय तथा स्थानीय तहले आफ्नो क्षेत्र तथा गाउँपालिका भित्रका बालबालिकाहरुलाई खाजामा लगानी कम भएको अवस्थामा राष्ट्रिय तथा अन्तराष्ट्रिय सहयोगी संस्था तथा दातृ निकायहरुसंग समन्वय गरी अनुदान प्राप्त गर्न सकिनेछ ।

## परिच्छेद — ९

## अनुगमन तथा मूल्याङ्कन

यो कार्यक्रमको नियमित, निरन्तरता र प्रभावकारिताका लागि गाउँपालिका स्तरीय दिवाखाजा व्यवस्थापन समिति, विद्यालय व्यवस्थापन समिति, वडा कार्यालय, तथा शिक्षा शाखा, शिक्षा समिति तथा अन्य सरोकारवालाबाट अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।

## परिच्छेद — १०

## समन्वकारी भुमिका

विद्यालयमा दिवाखाजा कार्यक्रमको नियमित, निरन्तरता र प्रभावकारिताका लागि स्थानीय निकायबाट देहाय बमोजिमका समन्वयात्मक बैठकको व्यवस्था गरीनेछ । यस्ता बैठकहरुमा सरोकारवाला निकाय जस्तैः दिवाखाजा व्यवस्थापन समिति, विद्यालय, आपुर्तीकर्ता, वडा कार्यालयको मुख्य भुमिका रहनेछ ।

क) गाउँपालिका स्तरीय दिवाखाजा व्यवस्थापन समितिको बैठक त्रैमासिक रुपमा वस्ने छ ।

ख) प्र.अ. बैठक मासिक रुपमा बस्ने छ, जहाँ शैक्षिक गतिविधि लगाएत दिवाखाजा कार्यक्रमका विषयमा छलफल हुनेछ ।

ग) आपुर्तीकर्ता र प्र.अ. बिच अर्धवार्षिक रुपमा बैठक बस्ने छ ।

घ) वडा स्तरीय अनुगमन समिती बनाएर, मासिक विद्यालय दिवाखाजा अनुगमन गर्न सकिनेछ ।

माथि जे जस्तो उल्लेख भएता पनि आवश्यकता अनुसार थप समन्वयात्मक बैठक बस्न सकिनेछ ।

## परिच्छेद ११

## विविध

### कार्यविधि संशोधन र बाधा अड्काउ फुकाउन सक्ने

यस कार्यविधिमा कुनै संशोधन गर्नु परेमा र कार्यान्वयनका सन्दर्भमा कुनै बाधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

## अनुसूची १

### सासाहिक मेनु तालिका, बान्नीगढी जयगढ गाउँपालिका, अछाम

| क्र.स. | मिनु | प्रयोग | कैफियत |
|---|---|---|---|
| १ | पोषिलो जाउलो | आपुर्ती अनुसार दोहर्याउन सकिने | |
| २ | क्वाटी | आपुर्ती अनुसार दोहर्याउन सकिने | |
| ३ | कोदोको पुवा | आपुर्ती अनुसार दोहर्याउन सकिने | |

| | | | |
|---|---|---|---|
| ४ | खिर | आपुर्ती अनुसार दोहर्याउन सकिने | बैकल्पीक |

## अनुसुची २

## विद्यालय दिवाखाजाका लागि विद्यालय र आपूर्तिकर्तावीचको सम्झौता पत्र

नेपाल सरकारको स्थानीय उत्पादनमा आधारित विद्यालय दिवाखाजा कार्यक्रमलाई स्थानीय सहकारीको माध्यमबाट अछाम जिल्लामा प्रभावकारी ढंगले सञ्चालन गर्न आवश्यक स्थानीय कृषि उपज खरिद तथा आपुर्ती सम्वन्धि विद्यालय र सहकारी वीचको सम्झौता पत्र ।

सम्झौता नम्बरः

प्रथम

पक्षः.....................................................................................................................

...............

दोश्रो पक्षः

..............................................................................................................................

........

विच विद्यालय दिवाखाजा सम्बन्धि कार्यक्रम संचालन गर्न सहमत छौं । यस कार्यकम कार्यन्वयनका लागि हामी दुवै प्रथम पक्ष र दोश्रो पक्ष बीच मेनु वमोजिमका स्थानीय उत्पादित कृषि उपज सामाग्रीहरुको खरिद तथा आपूर्तिका लागि निम्न लिखित शर्तहरुमा निहित रहि गर्ने गराउने भनी यो सहमती पत्रमा हस्ताक्षर गरी एक एक प्रति लियौ दियौ ।

**सम्झौताका वुदा तथा शर्तहरु**

**१. उपभोग्य वस्तु तथा परिमाण**

१.१ दोश्रो पक्षले मेनु मा उल्लेख भए बमोजिमको बिद्यार्थी संख्याको परिमाणमा उपभोग्य सामाग्रीहरुको आपूर्ति गर्नुपर्नेछ ।

**२. मूल्य**

२.१ उपभोग्य वस्तुहरुको प्रति ईकाई मूल्य मेनुमा निर्धारित, नबढ्ने गरी संलग्न दुवै पक्षको साझेदारिमा उल्लेख भए बमोजिमको मुल्यमा सम्झौता अबधि सम्म उपलव्ध गराउनु पर्ने छ ।

**३. खाद्य ब्यबस्थापन तथा ढुवानी**

३.१ उपभोग्य सामाग्रीहरुको आपुर्ती बिद्यार्थी संख्याको आधारमा उल्लेख भएको निर्धारित परिमाण तथा मेनुमा उल्लेख भएको मुल्य अनुसार सम्वन्धित विद्यालय/बालविकास केन्द्रहरुलाई आपुर्ती गर्नुपर्नेछ ।

३.२ उपभोग्य सामाग्रीको आर्पुति मिति पहिलो र दोश्रो पक्षको आपसि सहमतीबाट निर्धारण गरिने छ ।

३.३ दोस्रो पक्षले आपुर्ती गरीएका उपभोग्य सामाग्रीहरुको अनुसुची १ मा ब्यवस्था भए बमोजिम २ प्रति आपुर्ती सुनिश्चितता पत्र पहिलो पक्षलाई उपलब्ध गराउनुपर्नेछ । आपुर्ती गरिएको सामाग्रीहरुको सामाग्री प्राप्ति विवरण दस्तखत सहित बुझिलिएको रसिद तथा भर्पाइ प्रथम पक्षले दोश्रो पक्ष लाई उपलब्ध गराउनु पर्नेछ ।

३.४ यदि कुनै कारणबस वस्तु आपुर्ती गर्न नसकिने अथवा ढिलाई हुनसक्ने अवस्था भएको खण्डमा दोश्रो पक्षले एक हप्ता अगावै प्रथमपक्षको आधिकारिक व्यक्ति वा प्रधानाध्यपकलाई आपुर्ती डेस्क अनुसार अपुर्ती गर्न नसकिने वस्तुको कारण र परिमाण सहित खुलाई लिखित जानकारी गराउनुपर्नेछ ।

३.५ सम्झौतामा उल्लेख भए अनुसारको सामाग्री आपुर्ति हुन नसकेको भनी प्रथम पक्षलाई लागेमा गाउँपालिकासँग प्रथम पक्षले समन्वय गरी सम्झौता रद्द गर्न सकिनेछ । सम्झौता रद्द गर्नु भन्दा पूर्व प्रथम पक्षले दोस्रो पक्षलाई कारण सहित जानकारी गराउनु पर्नेछ ।

**४. गुणस्तरको प्रत्याभुती**

४.१ विद्यालयको तर्फबाट तोकिएको आधिकारिक ब्यक्तिले आपुर्ति गरिएको सामाग्रीहरुको गुणस्तर मापन गर्न सक्नेछन् ।

४.२ कुनै कारणवश खाद्यान्न आपुर्ती गर्दा आपुर्ती गरीएका वस्तु तोकिएको उपभोग्य गुणस्तर भन्दा कम गुणस्तरका भएमा प्रथम पक्ष खाद्यान्न राख्न बाध्य हुने छैन ।

**५. भुक्तानीका सिमा तथा प्रकिया**

५.१ प्रत्येक ३ महिनाको मसान्तमा दोश्रो पक्षले हस्तान्तरण गरिएका सामाग्रीहरुको बील÷बीजक प्रथम पक्षलाई बुझाइ रकम माग गर्नुपर्नेछ ।

५.२. प्रथमपक्षले दोश्रो पक्षलाई पेश गरेको बील तथा बीजकमा उल्लेखित रकमको चेक जांचगरी भुक्तानी विल पेस भएको सात दिन भित्र वा आपसी समझदारीमा विना सर्त भुक्तानी दिनुपर्नेछ ।

**६. भिन्नता**

६.१ कृषि उपजको मूल्यमा बिषेश परिस्थिति जस्तै प्राकृतिक प्रकोप खडेरी जस्ता अपवादका अवस्था बाहेक अन्य अवस्थामा तोकिएको खाद्यान्न सामाग्री बाहेक अन्य सामाग्री स्विकार्य हुनेछैनन ।

६.२ भिन्नता हुनु पर्ने अवस्था आईपरेको खण्डमा यस सम्झौताका दुबै पक्षहरु बीचको आपसी सझेदारीमा निहित हुनेछ ।

**७. सहजिकरण**

७.१ कुनै प्रक्रियागत/विवाद आएमा गाउँपालिकाको शिक्षा शाखा र कृषि शाखाबाट आवश्यक सहजिकरणका लागि अनुरोध गरिनेछ ।

**८. अवधिः**

८.१ यस संझौताको अवधि आगमी शैक्षिक सत्र २०...... साल ................................ गते देखि २०.......... साल ............................मसान्त सम्म लागु हुनेछ ।

यो सम्झौता मिति...............................गते .....................का दिन मा देहायका दुवै पक्षबाट हस्ताक्षर गरी सम्पन्न भयो ।

| | |
|---|---|
| विद्यालयको तर्फबाट छाप | नामः<br>पदः<br>हस्ताक्षरः<br>मितिः<br>स्थानः |
| साक्षी<br>शिक्षा युवा तथा खेलकुद शाखा | नामः<br>पदः<br>हस्ताक्षरः<br>मितिः<br>स्थानः |
| साक्षी<br>वडा कार्यालय | नामः<br>पदः<br>हस्ताक्षरः<br>मितिः<br>स्थानः |
| साक्षी (गा.पा. भित्र कार्यरत भएमा)<br>सहकारीको तर्फबाट छाप | नामः<br>पदः<br>हस्ताक्षरः<br>मितिः<br>स्थानः |

## अनुसुची ३ परिमाण तथा मूल्य

## संस्थाको नाम र ठेगानाः

| क्र.स. | सामानको नाम | मिनु अनुसार प्रति के.जी. मूल्य (रु.) | जम्मा प्राप्त परिमाण (के.जी) | जम्मा रकम (रु.) | ......... महिनाको जम्मा रकम (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|
| अन्न समुह | | | | | | |
| १ | चामल | | | | | |
| २ | गहुँको पिठो | | | | | |
| ३ | कोदोको पिठो | | | | | |
| ४ | उसिनेको मकै | | | | | |
| ५ | मकैको च्याख्ला | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| गेडागुडी समुह | | | | | | |
| १ | मासको दाल/मसुरोको दाल | | | | | |
| २ | स्थानीय सिमिहरु | | | | | |
| ३ | चना | | | | | |
| ४ | सुकेको/हरीयो केराउ/कला | | | | | |
| ५ | स्थानीय भटमासहरु | | | | | |
| ६ | सोइटा | | | | | |
| फलफूल तथा तरकारी, हरीयो सागहरु | | | | | | |
| १ | रायो साग | | | | | |
| २ | फर्सी/फर्सीको मुन्टा | | | | | |
| ३ | हरीयो धनियाको सागपात | | | | | |
| ४ | गोलभेडा | | | | | |
| ५ | प्याज | | | | | |
| ६ | तोरी/ सर्स्योको साग | | | | | |
| ७ | पालुङ्गा/ लट्टेको साग | | | | | |
| ८ | फूल गोबि काउली | | | | | |
| ९ | चम्सुरको साग | | | | | |
| १० | निगुरोको साग | | | | | |
| ११ | गाँजर | | | | | |
| १२ | बन्दा | | | | | |
| १३ | मुला | | | | | |
| १४ | मौसमी फलफूल | | | | | |
| अन्य समुह | | | | | | |
| १ | आलु/पिडालु | | | | | |
| २ | सुर्य मुखि तेल/ध्यू | | | | | |
| ३ | गाई भैसीको दुध | | | | | |
| ४ | नुन | | | | | |
| ५ | बेसार | | | | | |
| | जम्मा | | | | | |

# अनुसूची ४

## दिवाखाजा रकम माग फाराम

जम्मा भर्ना भएका विद्यार्थी संख्या

| **कक्षा** | ECD | **१** | २ | **३** | ४ | **५** | जम्मा |
|---|---|---|---|---|---|---|---|
| **विद्यार्थी संख्या** | | | | | | | |

**गते**

| **कक्षा** | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० | ३१ | ३२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **ECD** | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| **१** | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| **२** | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| **३** | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| **४** | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| **५** | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

| .............. | ............. | ............. | ........... | .............. | ................ |
|---|---|---|---|---|---|
| ECD | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |

**कक्षा शिक्षकको हस्ताक्षर**

..........................................

**प्रमाणित गर्ने प्र.अ.को हस्ताक्षर**

............................

**<u>आज्ञाले</u>**

बसन्त बहादुर रावल

नि. प्रमुख प्रशासकीय अधिकृत